## कार्यपालिका बैठक संख्या- ५ मितिः-

२०८२।०८।१२

### निर्णयहरु

**निर्णय नं. १-** मिति २०८२।०८।०७ गतेको बैठक नं. ४ का निर्णय र सोको कार्यान्वयन उपर छलफल तथा समिक्षा गरियो ।

**निर्णय नं. २-** विजयनगर गाउँपालिका अन्तर्गत विभिन्न स्थानमा संचालनमा रहेका हाट बजारहरुलाई व्यवस्थित गर्न तथा आगामी दिनमा दर्ताका लागि आउने हाट बजारलाई प्रकृयासंगत ढंगले दर्ता तथा तिनको नियमन गर्ने प्रयोजनका लागि पेश भएको **हाट बजार संचालन तथा व्यवस्थापन कार्यविधी**, २०८२ लाई आवश्यक संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३-** "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र वितरणलाई व्यवस्थित र नियमित गर्ने प्रयोजनका लागि भौतिक पूर्वाधार शाखाबाट पेश भएको **"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि**, २०८२ लाई आवश्यक संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३-** यस गाउँपालिकाबाट चालु आ.व. २०८२/०८३ का लागि कार्यान्वयन हुने गरी रकम विनियोजन भएका गाउँपालिका स्तरीय तथा वडा स्तरीय योजना/कार्यक्रमहरुको कार्यान्वयन प्रकृया शिघ्र प्रारम्भ गर्न वडा कार्यालयबाट योजना कार्यान्वयन बिधी सहितको विवरण अविलम्ब गाउँपालिकामा पेश गर्न लगाई खरीद विधि तय गरी यथाशिघ्र कार्यान्वयन प्रकृया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ४-** भारतीय राजदुताबास, काठमाण्डौं, विकास साझेदारी एवं पुननिर्माण प्रभाग र यस गाउँपालिकाको साझेदारीमा कार्यान्यवन गर्ने गरी छनौट भएको **(Construction Of Pathardaiya Health Post, Bijaynagar Rural Municipality-3)** योजनाको लागि कन्टिन्जेन्सी सहित पि.एस., भ्याट र फिजिकल कन्टिन्जेन्सी बाहेकको बजेट **रु. २, ३०,००,८०१.७२।- (अक्षेरेपि दुई करोड तिस लाख आठ सय एक रुपैयाँ बहत्तर पैसा मात्र)** स्वीकृत भएकोमा निर्मित DPR अनुसारको स्वीकृत लागत अनुमानमा सामान्य संसोधन गरी पि.एस., भ्याट र फिजिकल कन्टिन्जेन्सी थप गरी **रु. २, ७१,८२,५२५.५३।- (अक्षेरेपि दुई करोड एकहत्तर लाख बयासी हजार पाँच सय पच्चिस रुपैयाँ त्रिपन्न पैसा मात्र)** बराबरको कूल लागत अनुमान स्वीकृत गरी पि.एस., भ्याट र फिजिकल कन्टिन्जेन्सी बापत थप हुन आउने रकमको लागि भारतीय राजदुताबासमा माग गर्ने तथा राजदुताबासबाट नियानुसार प्राप्त हुने रकम बाहेकको अपुग रकम विजयनगर गाँउपालिकाले ब्यहोर्ने भनि सर्वसम्मति बाट निर्णय गरियो ।

**निर्णय नं. ५-** आ.व. २०८२।०८३ का लागि स्वीकृत संघीय सरकारबाट हस्तान्तरित समपूरक अनुदानबाट निर्माण हुने **झुलनिया देउपुरा ईमलिखर्क विजयनगर सडक कालोपात्रे** योजना कार्यान्वयनका लागि विद्युतीय खरिद प्रकृया आगाडी बढाउने क्रममा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को प्रावधान बमोजिम बोलपत्र सम्बन्धी कागजातहरुमा भौतिक पूर्वाधार शाखाबाट तयार भई पेश भएको तपसिल बमोजिमको **Evaluation & Qualification Criteria** स्वीकृत गरि ठेक्का आवहान गर्ने निर्णय गरियो ।

तपसिलः-

| S.N. | Criteria Title | Criteria Description |
|---|---|---|
| 1 | **Pending Litigation and Arbitation** | All pending litigation shall be treated as resolved against the Bidder and so shall in total not represent more than **80 percent** of the Bidder's net worth. |
| 2 | **Historical Financial Performance** | Submission of audited balance sheets and income statements, for the last **3(three) years** to demonstrate the current soundness of the Bidder's financial position |

आ.व.२०८२।०८३

| | | |
|---|---|---|
| 3 | **Average Annual Construction Turnover (AACTO)** | Minimum average annual construction turnover of **55.3 Million (NRs 5,53,00,000.00)** calculated as total certified payments received for construction contracts in progress or completed, within best three years out of last ten fiscal years.<br>**Each Partner 25% & One Partner 40%** |
| 4 | **Financial Resources** | Using Forms FIN - 3 and FIN - 4 in Section IV (Bidding Forms) the Bidder must demonstrate access to, or availability of, financial resources such as liquid assets3 , unencumbered real assets, and other financial resources, (other than any contractual advance payments) to meet the cash-flow requirement of **31.7 Millions (NRs. 3,17,00,000.00)**<br>**Each Partner 25% & One Partner 40%** |
| 5 | **Required Bid Capacity** | The bidding capacity of the bidder should be equal to or more than the **33.20 Millions (NRs 3,32,00,000.00)**<br>**Each Partner 25% & One Partner 40%** |
| 6 | **General Construction Experience** | Experience under construction contracts in the role of contractor, subcontractor, or management contractor for at least the last **4 (four)** years prior to the applications submission deadline. |
| 7 | **Contracts of Similar Size and Nature** | Participation as Prime contractor, management contractor, or subcontractor, within the last ten (10) years, that have been successfully or are substantiallya completed and that are similar to the proposed works. The similarity shall be based on the physical size, complexity, methods, technology or other characteristics as describe |
| | | **Single entity**:- must meet requirement, in at least One (1) Contract with a value of at least **NRs 1,47,00,000.00**<br>**For Joint Venture**<br>**All Partners Combined:-Not applicable**<br>**Each Partner:-** must meet requirement, in at least one Contract with a value of at least **NRs 36,00,000.00**<br>**One Partner:-** must meet requirement, in at least One (1) Contract with a value of at least NRs **1,47,00,000.00**<br>* Only the net amount shall be calculated after deducting the amount for VAT and such amount shall be adjusted to present value by applying wholesale price index of Nepal Rastra Bank. |
| 8 | **Construction Experience in Key Activities** | Participation as Prime contractor, management contractor, or subcontractor, within a last ten (10) years, For the above or other contracts stipulated in 2.4.2(a) above, a minimum annual production rate on construction experience in the following key activities that have been successfully or substantiallya completed:<br>**( i) Sub-base: 2100 Cum (ii) Base: 1590 cum (iii) Asphalt Concrete: 357 Cum (iv) RCC Work M20: 327 Cum** |

गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ उपदफा-२ को (ज) बमोजिम कार्यपालिका बैठक नं. ५ को निर्णय प्रमाणित गर्दछु

प्रमुख प्रशासकीय अधिकृत

## कार्यपालिका बैठक संख्या- ५

मितिः-

२०८२।०८।१२

**निर्णय नं. ६** :-निम्न संस्था/समिति/योजना तथा व्यक्तिहरुका लागि तपसिल बमोजिमको रकम उपलब्ध गराउने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

तपसिलः-

| क्र. सं. | व्यक्ति/संस्था/समिति/ योजनाहरुको नाम | ठेगाना | प्रयोजन | रकम | भुक्तानिको श्रोत |
|---|---|---|---|---|---|
| १ | पशु संरक्षण संस्था नेपाल | मिनभवन-३१, काठमाडौँ | छाडा पशु चौपाया व्यवस्थापन सहयोग | रु. १,००,०००।– (एक लाख रुपैयाँ मात्र) | मागमा आधारित साना पूर्वाधार विकास कार्यक्रम तथा अनुदान |
| २ | राम सेवक प्रसाद कुर्मी समेत | विजयनगर-७, बडसुडवा | श्री नाथ बाबाको मन्दिर मर्मत तथा रंगरोगन | रु. ३,००,०००।– (तिन लाख रुपैयाँ मात्र) | |
| ३ | नयाँगाउँ टोल विकास संस्था | विजयनगर-१, कपिलवस्तु | नयाँगाउ खेलमैदान ढलान तथा माटो पटान | रु. ५,००,०००।– (पाँच लाख रुपैयाँ मात्र) | |
| ४ | लोहरौला हाट बजार व्यवस्थापन समिति | विजयनगर-२, लोहरौला | शौचालय निर्माण | रु. २,००,०००।– (दुई लाख रुपैयाँ मात्र) | |
| ५ | शंकरपुर खेलमैदान व्यावस्थापन समिति | विजयनगर-४, शंकरपुर | शंकरपुर खेलमैदानमा ब्याडमिन्टन कोर्ट निर्माण | रु. २,००,०००।– (दुई लाख रुपैयाँ मात्र) | |
| ६ | सशस्त्र प्रहरी गण, तौलिहवा | तौलिहवा, कपिलवस्तु | पूर्वाधार निर्माण सहयोग | रु. १,००,०००।– (एक लाख रुपैयाँ मात्र) | |
| ७ | बुद्धभूमि योग तथा आध्यात्मिक केन्द्र, कपिलवस्तु | बुद्धभूमि-४, बुड्ढी, कपिलवस्तु | योगा तथा आध्यात्मिक केन्द्र भवन निर्माण | रु. ५०,०००।– (पचास हजार रुपैयाँ मात्र) | |
| ८ | नाहन मेला समिति | विजयनगर-६, उज्जवलपुर | नाँहन मेला संचालन सहयोग | रु. २५,०००।– (पच्चिस हजार रुपैयाँ मात्र) | चाडपर्व, मेला महोत्सव तथा संस्कृति संरक्षण |
| ९ | बगहिया राम विवाह मेला समिति | विजयनगर-२, बगहिया | राम विवाह मेला संचालन सहयोग | रु. २५,०००।– (पच्चिस हजार रुपैयाँ मात्र) | |
| १० | डिहवा राम विवाह मेला समिति | विजयनगर-६, डिहवा | राम विवाह मेला संचालन सहयोग | रु. २५,०००।– (पच्चिस हजार रुपैयाँ मात्र) | |
| ११ | श्रृजनशिल युवा क्लव | विजयनगर-६, प्रेमनगर | कालरात्री सांस्कृतिक कार्यक्रम संचालन सहयोग | रु. ५०,०००।– (पचास हजार रुपैयाँ मात्र) | |
| १२ | राष्ट्रिय युवा संघ नेपाल, विजयनगर गाउँ कमिटी | विजयनगर, कपिलवस्तु | दोस्रो बृहत रक्तदान कार्यक्रम संचालन सहयोग | रु. ६०,०००।– (साठी हजार रुपैयाँ मात्र) | |
| १३ | कपिलवस्तु जिल्ला स्ट्रेन्थलिफ्टिङ्ग संघ | बालमन्दिर, तौलिहवा | प्रथम कपिलवस्तु तिलौराकोट आइरन मेन एण्ड वोमेन कप संचालन सहयोग | रु. ५०,०००।– (पचास हजार रुपैयाँ मात्र) | खेलकुद सहयोग कार्यक्रम |

अध्यक्ष
विजयनगर गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ उपदफा-२ को (ज) बमोजिम कार्यपालिका बैठक नं. ५ को निर्णय प्रमाणित गर्दछु
प्रमुख प्रशासकीय अधिकृत